आज मिति २०८१ भाद्र २० गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यू को अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक वसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**देहाय**

| क्र.स. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११ | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उप प्रमुख | कोल्हवी ३ | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष (वडा नं. १) | कोल्हवी १ | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २ | |
| ५ | किसुनदयाल चौधरी | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३ | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४ | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५ | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं. ६) | कोल्हवी ६ | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७ | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८ | |
| ११ | दल वहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९ | |
| १२ | कुन्जबिहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १० | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११ | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९ | |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १० | |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३ | |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७ | |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५ | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १ | |
| २२ | पितानाथ लुईटेल | नगर सचिव (प्र.प्र.अ.) | कोल्हवी १ | |

CamScanner

**प्रस्तावहरु**

१. जग्गा वर्गिकरण सम्वन्धमा ।

२. सार्वजानिक सम्पति व्यवस्थापन प्रणाली (PAMS V2) संचालन सम्वन्धमा ।

३. विविध सम्वन्धमा ।

क) प्रारम्भिक वातावरणीय परिक्षणको अध्यावधिक प्रतिवेदन स्विकृति सम्वन्धमा ।

ख) आ.व. २०८१/८२ को लागि नदिजन्य पदार्थ निकासिको विद्युतिय बोलपत्र आव्हान सम्वन्धमा।

ग) कोल्हवी बजारको उत्तर तर्फको जग्गा वहालका लागि पत्राचार गर्ने सम्वन्धमा ।

घ) जग्गा बहाल सम्झौता गर्ने सम्वन्धमा ।

ङ) वेरोजगारको संख्या सम्वन्धमा ।

च) प्रधानमन्त्री रोजगार कार्यक्रम द्वारा संचालन हुने योजना सम्वन्धमा ।

छ) सिप विकास तालिमको व्यवस्थापन सम्वन्धमा ।

ज) रकम भुक्तानी सम्वन्धमा ।

झ) उद्योग वाणिज्य संघको घर भाडा सम्वन्धमा ।

ञ) सार्वजानिक पोखरीहरुको ठेक्का बन्दोवस्ति सम्वन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा : मालपोत कार्यालय र नापी कार्यालयले जारी गरेको परिपत्र बमोजिम कोल्हवी नगरपालिका भित्र भूमि वर्गिकरण गर्नु पर्ने भएको हुदाँ सो कार्य सेवा परामर्स मार्फत संचालन गरी वडा वडागत विवरण सहितको प्रतिवेदन तयार गरी मालपोत र नापी कार्यालयमा कित्ताकाट फुकुवाका लागि पठाउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा : यस नगरपालिका अन्तरगत सार्वजानिक सम्पति व्यवस्थापन प्रणाली (PAMS V2) संचालन गर्ने निर्णय गरियो ।

३. विविध

क) प्रस्ताव नं. ३ (क) माथि छलफल गर्दा : कोल्हवी नगरपालिकाको क्षेत्र भएर वग्ने लाल वकैया खोलाको प्रारम्भिक वातावरणिय परिक्षणको अध्यावधिक प्रतिवेदन २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

ख) प्रस्ताव नं. ३ (ख) माथि छलफल गर्दा : कोल्हवी नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको लाल वकैया नदिवाट आ.व. २०८१/८२ को लागि नदिजन्य पदार्थ निकासिका आ.व. २०८०/८१ को प्रारम्भिक वातावरणिय परिक्षणको प्रतिवेदन अनुसार (२८४९८९६.३ घन फिट) प्रति घनफिट रु ९.०० (नौ रुपैया) का दरले रु. २५६४९०६६.७० मु.अ. कर वाहेक न्यूनतम कबोल अंक राखि आ.व. २०८१/८२ को लागि सो सम्वन्धी ठेक्का वन्दोवस्ति विद्युतिय खरिद प्रणाली (ई-विडिङ्ग) विधिवाट ३० दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

ग) प्रस्ताव नं. ३ (ग) माथि छलफल गर्दा : कोल्हवी नगरपालिकाले श्री अनुप दिपनी माध्यामिक विद्यालय, कोल्हवीसँग वहालमा लिएको कोल्हवी नगरपालिका वडा नं. १ मा रहेको कित्ता नं. १३६ को ज.वि. ३-१०-७ क्षेत्रफलको जग्गाको कोल्हवी-खैरा सडक खण्डको उत्तरतर्फको

भूभागमा व्यवसाय सञ्चालन गर्दै आइरहेका सम्झौता गर्न बाँकी रहेका व्यवसायीहरुलाई अन्तिम पटक १५ दिन भित्र सम्झौता गर्न आउन पत्राचार गर्ने निर्णय गरियो ।

घ) प्रस्ताव नं. ३ (घ) माथि छलफल गर्दा : कोल्हवी नगरपालिकाले श्री अनुप दिपनी माध्यामिक विद्यालय, कोल्हवीसँग बहालमा लिएको कोल्हवी नगरपालिका वडा नं. १ मा रहेको कित्ता नं. १३६ को ज.वि. ३-१०-७ क्षेत्रफलको जग्गाको कोल्हवी-खैरा सडक खण्डको उत्तरतर्फको भूभागमा व्यवसाय सञ्चालन गर्दै आइरहेका श्री जमाल देवानको संरचना नयाँ नाला बनाउने क्रममा हटाइएकोले निजलाई पुरानो नाला पुरेको जग्गाको क्षेत्रफल एकिन गरी प्राविधिक शाखाले प्रतिवेदन पेश गरे पश्चात जग्गा बहालमा दिने निर्णय गरियो ।

ङ) प्रस्ताव नं. ३ (ङ) माथि छलफल गर्दा : आर्थिक वर्ष २०८१/८२ मा यस कोल्हवी नगरपालिकाका वडा कार्यालयहरुद्धारा पेश गरेको देहाय बमोजिमको वडागत वेरोजगार विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं. | बेरोजगार संख्या | कैफियत |
|---|---|---|
| १ | ५० | महिला ४०० जना र पुरुष ४१ जना |
| २ | ११४ | |
| ३ | २० | |
| ४ | ६३ | |
| ५ | ८८ | |
| ६ | १५ | |
| ७ | १५ | |
| ८ | ५४ | |
| ९ | ० | |
| १० | २१ | |
| ११ | ० | |
| जम्मा | ४४१ जना | |

च) प्रस्ताव नं. ३ (च) माथि छलफल गर्दा : रोजगार सेवा केन्द्रमा सूचिकृत वेरोजगारहरुलाई श्रममूलक कार्यमा खटाउने भएकोले यस आ.व.मा रोजगार सेवा केन्द्रद्धारा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तरगत तपसिलका योजना संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१. वडा नं. ५ को रामवन र वोधवनमा संचालन हुने गोर्खा वेलफेयर ट्रष्टद्धारा संचालित खानेपानी कार्यक्रममा पाइपलाइन विस्तार कार्य ।
२. भलुवाइखोर देखि तामागढी गेट सम्म कालोपत्रे सडकको छेउको झाडी फडानी ।
३. पुराना विरुवाहरुको गोडमेल तथा थप विरुवा रोपन कार्यक्रम ।
४. कोल्हवी नगरभित्र आवश्यक्ता अनुसार कालोपत्रे सडकको दुवै साइडमा वृक्षारोपण ।

CamScanner

५. नाला तथा वजार सरसफाइ ।

छ) प्रस्ताव नं. ३ (छ) माथि छलफल गर्दा : सिप विकास तालिम तालिम संचालन गर्दा एकद्वार प्रणाली बाट सेवा प्रदायक संस्थाले रोजगार सेवा केन्द्रसँग समन्वय गर्नुपर्ने तथा प्रशिक्षार्थिहरुको विवरण रोजगार सेवा केन्द्रमा प्रदान गर्नुपर्ने निर्णय गरियो ।

ज) प्रस्ताव नं. ३ (ज) माथि छलफल गर्दा : ग्रामिण उधम तथा विप्रेशण आयोजना (समृद्धि) र कोल्हवी नगरपालिका विच नतिजामा आधारित व्यवसायिक सिप तालिम संचालन गर्नका लागि भएको सम्झौतापत्र अनुसार रकम रु. ११४४६१.०० कोलेनिका सुनसरीको नाममा भुक्तानी गर्ने निर्णय गरियो ।

झ) प्रस्ताव नं. ३ (झ) माथि छलफल गर्दा : कोल्हवी नगरपालिका नगरकार्यपालिकाको कार्यालय संचालनका लागि आवश्यक उद्योग वाणिज्य संघ कोल्हवीको घर भाडाका लागि घरभाडा निर्धारण समितिको मिति २०८१/०३/२३ गतेको निर्णयानुसार भाडादर कायम गरी आ.व. २०८०/८१ को भुक्तानी दिन बाँकी रकम र यस आ.व. को भाडा रकम भुक्तानी दिने निर्णय गरियो ।

ञ) प्रस्ताव नं. ३ (ञ) माथि छलफल गर्दा : कोल्हवी नगरपालिका क्षेत्र भित्र रहेका सार्वजानिक पोखरी ठेक्का वन्दोवस्तिका लागि स्थलगत निरिक्षण गरी ठेक्का बन्दोवस्ति गर्ने निर्णय गरियो ।

CamScanner